नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:- २०८०/८१

चलानी नं.:- 260

मितिः २०८०/०९/२९

ने. सं. पोहेलाथ्व ३

विषयः- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै) ।

स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन प्रयोजनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यन्वयनमा रहेको छ । सो बमोजिम सबै स्थानीय तहले पौष मसान्तभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी माघको पहिलो हप्ताभित्र आ-आफ्नो Website र सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यविधिले तोकेको अवधिभित्रै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गर्ने कार्य सम्पन्न गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको Website मा Upload गर्न एवं स्थानीय तहको इमेलमा समेत पठाइदिनुहुन ।